मुख्यमन्त्री

माननीय मुख्यमन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

## संविधान तथा राष्ट्रिय दिवस २०८० को शुभकामना

संविधान तथा राष्ट्रिय दिवस-२०८० को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मुलुकको अग्रगामी परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदप्रति यस अवसरमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, मुलुकमा लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्न विभिन्न कालखण्डमा भएका संघर्षमा शारीरिक, भौतिक, आर्थिक र मनोवैज्ञानिक क्षति बेहोर्नु भएका व्यक्ति, राजनीतिक दलका नेता र कार्यकर्ता तथा नागरिक समाजका अगुवाप्रति उच्च सम्मान सहित स्मरण गर्दछु।

नेपाली जनताको लामो संघर्ष र बलिदानपछि वि.सं. २०७२ असोज ३ गते आजकै दिन संविधान सभाबाट "नेपालको संविधान २०७२" घोषणा भएको थियो । यो संविधानले नेपालको राष्ट्रिय सार्वभौमसत्ता नेपाली जनतामा निहित भएको छ र राज्यशक्तिको स्रोत जनता भएका छन् । वर्तमान संविधानले निरङ्कुश र केन्द्रिकृत राज्य व्यवस्थाबाट सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको छ ।

अब मुलुकलाई सामाजिक न्यायसहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने दायित्व हाम्रो काँधमा छ । संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहलाई शक्ति र स्रोतको बाँडफाँट गर्दै संघीय प्रणालीलाई संस्थागत गर्नुपर्ने प्रमुख दायित्व हामीमाथि छ ।

संविधानको संरक्षण र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्दै गण्डकी प्रदेश र सिङ्गो मुलुकलाई आर्थिक विकासको मार्गमा अग्रसर गराउनु आजको आवश्यकता छ । संविधानको भावनालाई जनताको जीवनमा महशुस हुने गरी कार्यान्वयन गर्न प्रदेश सरकार प्रयत्नशील छ । यसका लागि संघ र स्थानीय सरकारसँग निरन्तर सहकार्यको जरुरी छ ।

अन्त्यमा, सबै प्रदेशवासी, सबै नेपाली दिदीबहिनी तथा दाजुभाइ एकताबद्ध भई मन, वचन र कर्मले संविधानको मर्म र भावनालाई व्यवहारमा रूपान्तरण गर्नमा लाग्नु हुने छ भन्ने विश्वास सहित पुनः संविधान तथा राष्ट्रिय दिवसको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

२०८० असोज ३ गते

सुरेन्द्रराज पाण्डे

........................

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री